# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np


प.सः २०८२/०८३

च.नं :

मितिः २०८२।१२।२३

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**स्थानीय तहबाट प्रवाह हुने करदातासँग सम्बन्धित सेवाहरूको बारेमा सार्वजनिक सूचना ।**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार आन्तरिक राजस्व विभाग अन्तर्गतका करदाता सेवा कार्यालयहरू खारेज भई ती कार्यालयहरूबाट सम्पादन हुँदै आएका कार्यहरू विकेन्द्रीकृत रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहहरूबाटै सम्पादन गर्ने निर्णय भए बमोजिम, "करदाता सेवा कार्यालयहरूबाट प्रवाह हुँदै गरेका सेवाहरू स्थानीय तहहरूबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२" ले निर्दिष्ट गरेको प्रक्रिया र मापदण्ड अनुसार यस पैयूँ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८२/१२/२३ गतेदेखि तपसिल बमोजिमका सेवाहरू सञ्चालनमा ल्याइएकाले यस क्षेत्रभित्रका सम्पूर्ण करदाताहरूले सो बमोजिमका सेवाहरू यसै कार्यालयबाट प्राप्त गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

- स्थायी लेखा नम्बर [Permanent Account Number (PAN)] जारी गर्ने कार्य।
- व्यवसायलाई आयकरमा दर्ता गर्ने कार्य (Business PAN) ।
- स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधन कार्य।
- दर्ता खारेजी भएका व्यवसायिक स्थायी लेखा नम्बरहरूलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रूपान्तरण गर्ने कार्य।

उल्लिखित बाहेकका सेवाहरूको हकमा गाउँ कार्यपालिकाको कार्यालयको रेफरलमा आन्तरिक राजस्व कार्यालय, बागलुङबाटै सेवा लिनुहुन अनुरोध छ।

जिवन गैरे

**प्रमुख प्रशासकीय अधिकृत**

"समृद्ध पैयूँको आधार; कृषि, प्रविधि र पूर्वाधार"